# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६३) काठमाडौं, भदौ ७ गते, २०७० साल (पूर्वातिरिक्ताङ्क १३ई

## भाग ५

### निर्वाचन आयोगको सूचना

सम्वत् २०७० साल मंसिर ४ गते हुने संविधानसभा सदस्य निर्वाचनको प्रयोजनको लागि संविधानसभा सदस्य निर्वाचन नियमावली, २०७० को नियम ४ को उपनियम (१) र (२) बमोजिम निर्वाचन आयोगबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको देहाय बमोजिम छुट्टाछुट्टै निर्वाचन कार्यक्रम स्वीकृत गर्ने निर्णय गरेकोले सोही नियमको उपनियम (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

## संविधान सभा सदस्य निर्वाचन, २०७०

## पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम

| क्र. सं | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १. | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७०।६।१० | | १०.०० | १७.०० | निर्वाचन अधिकृतको कार्यालय जिल्ला सदरमुकाम | |
| २. | उम्मेदवारको मनोनयनपत्र दर्ता भएको सूची प्रकाशन गर्ने | २०७०।६।११ | | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ३. | उम्मेदवारको बिरोधमा उजूरी दिने | २०७०।६।१२ | | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ४. | मनोनयन पत्र र उजूरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७०।६।१३ | | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ५. | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७०।६।१४ | | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ६. | उम्मेदवारको नाम फिर्ता लिने | २०७०।६।१५ | २०७०।६।१६ | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ७. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७०।६।१७ | | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ८. | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०७०।६।१८ | | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ९. | मतदान गर्ने | २०७०।८।४ | | ७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |

**द्रष्ट्व्य:**

१. प्रत्येक निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरेपछि निर्वाचन अधिकृतले मतगणना कार्य सुरु गर्नेछ ।

२. मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# संविधानसभा सदस्य निर्वाचन, २०७०

## समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम

निर्वाचन आयोगले संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा १७ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संविधानसभा सदस्य निर्वाचन, २०७० को समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम देहाय बमोजिम हुने गरी संशोधन गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

| क्र. सं. | कार्यक्रम | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १ | समानुपातिक निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरुले निवेदन पेश गर्ने | २०७०।६।७ | | १०.०० | १७.०० | निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं |
| २ | समानुपातिक निर्वाचनमा भाग लिन निवेदन पेश गरेका राजनीतिक दलहरुको सूची प्रकाशन गर्ने | २०७०।६।८ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ३ | प्रकाशित सूचीमा नाम रहेका राजनीतिक दलहरुले सो सूचीबाट आफ्नो नाम फिर्ता लिन चाहेमा फिर्ता लिने | २०७०।६।९ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ४ | समानुपातिक निर्वाचनमा भाग लिने राजनीतिक दलहरुको अन्तिम सूची प्रकाशन गर्ने र निर्वाचन चिन्ह प्रदान गर्ने | २०७०।६।१० | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ५ | राजनीतिक दलहरुले उम्मेदवारको बन्दसूची पेश गर्ने | २०७०।६।११ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ६ | उम्मेदवारको बन्दसूची सच्याउन राजनीतिक दलहरुलाई सूचित गर्ने | २०७०।६।१२ | २०७०।६।१८ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ७ | राजनीतिक दलहरुले उम्मेदवारको बन्दसूची संशोधन गरी पेश गर्ने | २०७०।६।१९ | २०७०।६।२५ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ८ | उम्मेदवारको बन्दसूची सार्वजनिक गर्ने | २०७०।६।३१ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ९ | उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको उम्मेदवारको योग्यता सम्बन्धमा दावी विरोध गर्न निवेदन दिने | २०७०।७।१ | २०७०।७।७ | १०.०० | १७.०० | ऐ. ऐ. |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

६४६०

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | उम्मेदवारको बन्दसूचीमा समावेश उम्मेदवारको योग्यता सम्बन्धी दावी विरोधको निवेदन उपर जाँचबुझ र निर्णय गर्ने | २०७०।७।८ | २०७०।७।१४ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ११ | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने | २०७०।७।१५ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| १२ | उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको बन्दसूचीबाट फिर्ता लिन चाहेमा निवेदन दिने | २०७०।७।१६ | २०७०।७।२२ | १०.०० | १७.०० | ऐ. ऐ. |
| १३ | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम फिर्ता लिएको जानकारी सम्बन्धित राजनीतिक दललाई दिने | २०७०।७।२३ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| १४ | उम्मेदवारको बन्दसूची अन्तिम रुपमा प्रकाशन गर्ने | २०७०।७।२३ | | १०.०० | १२.०० | ऐ. ऐ. |
| १५ | मतदान गर्ने | २०७०।८।४ | | ७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र |

<u>द्रष्टव्य</u> :

१. समानुपातिक निर्वाचनमा भाग लिन निवेदन पेश गर्ने राजनीतिक दलहरुले उम्मेदवारहरुको बन्दसूची अनिवार्य रुपमा तोकिएको मितिमा पेश गर्नु पर्नेछ ।

२. प्रत्येक निर्वाचन क्षेत्रका सबै मतदानकेन्द्रको मतदान भएको सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरेपछि निर्वाचन अधिकृतले मतगणना कार्य सुरु गर्नेछ ।

३. निर्वाचन अधिकृतले मतगणना गरी राजनीतिक दलले प्राप्त गरेको कुल सदर मत संख्याको विवरण मुलुकभरबाट प्राप्त गरिसकेपछि प्रत्येक राजनीतिक दलले प्राप्त गरेको कुल सदर मत संख्याको अनुपातमा सो राजनैतिक दलले निर्वाचन आयोग समक्ष पेश गरेको उम्मेदवारको बन्द सूचीमा सूचीकृत उम्मेदवारहरु मध्ये संविधान सभा सदस्य निर्वाचन अध्यादेश, २०७० बमोजिम निर्वाचन आयोगले उम्मेदवारहरु निर्वाचित भएको घोषणा गर्नेछ ।

आज्ञाले,
नरेन्द्र दाहाल
सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।०६२।६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।